प.सं. २०८३।८४।वि.एस.।११ मिति : २०८३।०६।२६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई, शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ

विषयः २२औं वार्षिक साधारणसभाको निर्णय (माइन्युट) सम्बन्धमा ।

महाशय,

यस बैंकको २०८३ आश्विन १२ (सेप्टेम्बर २८, २०२६) गते सोमबारका दिन आम्रपाली बैङक्वेट, भाटभटेनी, काठमाडौंमा सम्पन्न २२औं वार्षिक साधारण सभाको निर्णय (माइन्युट) तँहाको जानकारीको लागि यसै साथ पेश गरिएको व्यहोरा सादर अनुरोध गर्दछु ।

भवदीय

रूद्रप्रसाद बन्जरा
कम्पनी सचिव

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

**सानिमा बैंक लिमिटेडको**

**२२औं वार्षिक साधारण सभाको निर्णय (माइन्युट)**

यस बैंकका संचालक समितिका अध्यक्ष श्री तुकप्रसाद पौडेलको अध्यक्षतामा मिति २०८३ साल आश्विन १२ गते (सेप्टेम्बर २८, २०२६) सोमबार बिहान ११:०० बजे देखि अपरान्ह ३:३० बजेसम्म आम्रपाली बैङ्क्वेट, भाटभटेनी, काठमाडौंमा सम्पन्न भएको २२औं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेको छ ।

**१. उपस्थिति :**

**क. सभामा उपस्थित सञ्चालकहरु :**

| | | |
|---|---|---|
| १. | श्री तुकप्रसाद पौडेल | - अध्यक्ष |
| २. | श्री रमेश कुमार पोखरेल | - संचालक |
| ३. | श्री आशुतोष उपाध्याय | - संचालक |
| ४. | श्री श्री लक्ष्मीप्रपन्न निरौला | - संचालक |
| ५. | श्री बलराम पराजुली | - संचालक |
| ६. | श्रीमती निशा कुम्पाख | - संचालक |

**ख. अन्य पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री पवन कुमार आचार्य | - प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री बबि सिंह गढतौला | - नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री निरज ढकाल | - प्रमुख वित्तीय अधिकृत |
| ४. | श्री रूद्रप्रसाद बन्जरा | - कम्पनी सचिव |
| ५. | श्री बद्री विशाल घिमिरे | - कानूनी सल्लाहकार |
| ६. | श्री भिमसेन बन्जारा | - निर्वाचन अधिकृत |

**ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

१. श्री सुनिल अधिकारी - बाह्य लेखापरीक्षक SAR Associates Chartered Accountants,

२. श्री कृष्ण शर्मा - प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ

**२. छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०८२/८३ को संचालक समितिको २२औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८२/८३ को नाफा-नोक्सान विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

३.	यस बैंकको सहायक कम्पनीहरु सानिमा क्यापिटल लिमिटेड र सानिमा सेक्यूरिटिज लिमिटेडको आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

४.	लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५.	संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट अविमोच्य असञ्चिति अग्राधिकार शेयर पूँजीको ८.२५ प्रतिशत नगद लाभांश (कर सहित) शेयर बाँडफाँड भएको मितिदेखि आषाढ मसान्त, २०८३ सम्मको लागि समानुपातिक रुपमा वितरण गर्न स्वीकृत गर्ने ।

६.	संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट साधारण शेयर पूँजीको १० प्रतिशत नगद लाभांश (कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

७.	सर्वसाधारण समूह (समूह “ख”) बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विविध :**

**३.	सूचना प्रकाशन :**

यस बैंकको संचालक समितिको मिति: २०८३ साल भाद्र १८ गते बसेको ७१७औं बैठकको निर्णयानुसार बैंकको २२औं वार्षिक साधारणसभाको सूचना मिति: २०८३ भाद्र १९ गते “नयाँ पत्रिका” दैनिकमा प्रथम पटक र आश्विन २ गते “राजधानी” राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित गरी शेयरधनीहरूलाई सभाबारे जानकारी गराइएको थियो । यसका साथै बैंकको वेवसाइटबाट समेत जानकारी लिन सक्ने व्यवस्था गरिएको थियो ।

**४.	गणपूरक संख्या (शेयरधनीको उपस्थिति तथा प्रतिनिधित्व प्रतिशत) :**

| विवरण | कूल शेयरधनी संख्या | शेयरधनीले ग्रहण गरेको शेयर कित्ता | उपस्थित | | जम्मा उपस्थित | उपस्थित शेयरधनीले धारण गरेको शेयर संख्या | कूल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | प्रोक्सी मार्फत | | | |
| संस्थापक शेयरधनी | ७९ | ६,९२,८२,२५१.२३ | २४ | ११ | ३५ | ६,५७,९६,५४६ | ४८.४४६ |
| सर्वसाधारण शेयरधनी | १,०९,०२८ | ६,६५,३३,००२ | ४११ | २८ | ४३९ | १,३७,९७,१९४.३८ | १०.१५९ |
| **जम्मा** | **१,०९,१०७** | **१३,५८,१५,२५३.२३** | **४३५** | **३९** | **४७४** | **७,९५,९३,७४०.३८** | **५८.६०** |

संस्थापक समूहतर्फ भौतिक रुपमा उपस्थित २४ जनाको ५,१८,४१,१६९ कित्ता र प्रोक्सी मार्फत ११ जनाको १,३९,५५,३७७ कित्ता समेत गरी ६,५७,९६,५४६ कित्ता तथा सर्वसाधारण समूह तर्फ भौतिक रुपमा उपस्थित ४११ जनाको १,०२,४४,४७१.४६ कित्ता र प्रोक्सी मार्फत २८ जनाको ३५,५२,७२२.९२ कित्ता समेत गरि १,३७,९७,१९४.३८ कित्ता । साथै भौतिक र प्रोक्सी मार्फत उपस्थीत कूल ७,९५,९३,७४०.३८ कित्ता शेयर धारण गरेका शेयरधनीहरुको उपस्थिति रहेको ।



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

**५. सभाको बैधानिकता तथा सभापतित्व :**

कम्पनी ऐन, प्रचलित कानून तथा बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरक संख्या कूल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनु पर्ने व्यवस्था रहेको छ । सो अनुरुप कूल शेयर संख्याको स्वयं तथा प्रोक्सी मार्फत ५८.६० प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली अनुसार साधारण सभा बैधानिक भएको व्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

**६. सभा संचालन तथा प्रतिवेदन प्रस्तुति :**

मिति २०८३।०५।१८ गते बसेको संचालक समितिको ७१७औं बैठकको निर्णयानुसार प्रस्ताव गरिए अनुसार २२औं वार्षिक साधारणसभामा छलफलको लागि उल्लिखित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिवले जानकारी गराउनु भयो ।

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री तुकप्रसाद पौडेलले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रित महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षकको प्रतिवेदन, वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण तथा सहायक कम्पनीहरु सहितको एकीकृत वित्तीय विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**७. सभामा मन्तव्य राख्नु भएका शेयरधनी महानुभावहरु :**

प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीहरुमध्ये श्री भक्तिप्रसाद उप्रेती, श्री दामोदरप्रसाद रेग्मी, श्री रोहित कुमार महासेठ, श्री उद्धवप्रसाद घिमिरे, श्री नरसिंहलाल चखुँ, श्री गोविन्द बहादुर के.सी., श्री लवराज जोशी, श्री रामगोपाल महर्जन, श्री इन्द्रप्रसाद लामिछाने, श्री चन्द्रनारायण श्रेष्ठ, श्री युगल बसेल, श्री अंगराज भारती, श्री बैजुनाथप्रसाद रौनियार, श्री कृष्णप्रसाद अधिकारी, श्री डमरुबल्लभ घिमिरे, श्री उत्तम पाठक, श्री सत्रुधन श्रेष्ठ, श्री रोजकुमार श्रेष्ठ, श्री ध्रुवराज न्यौपाने, श्री उत्सव श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री राजकाजी रन्जितले बैंकको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्दै बैंकले आगामी दिनमा शेयरधनीहरुलाई अझ बढी प्रतिफल दिनु पर्ने भनी महत्वपूर्ण धारणा राख्नु भयो ।

त्यसैगरी श्री जगन्नाथ आचार्य, श्री इन्द्रकृष्ण श्रेष्ठ, श्री अमिरदास रन्जित, श्री सुरेन्द्र चिमौरिया, श्री उत्तमदत्त पाण्डे, श्री सुदिप श्रेष्ठ, श्री ब्रम्हदेब शाक्य, श्री ब्यास कुमार शर्मा, श्री लक्ष्मण बहादुर श्रेष्ठ र डा.रामजी प्रसाद पण्डितले लिखित रुपमा आफ्नो राय सुझाव राख्नु भयो ।

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

८. **शेयरधनीहरुको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझाबहरु उपर सभाका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतले दिनु भएको प्रत्युत्तरको सारांश:**

शेयरधनीहरुबाट उठाइएका जिज्ञासाहरुको सम्बन्धमा सभाका अध्यक्ष श्री तुकप्रसाद पौडेल तथा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री पवन कुमार आचार्यले प्रष्ट पार्नु भयो । साथै, शेयरधनीहरुले सभा समक्ष राख्नु भएका महत्वपूर्ण राय एवं सुझावको लागि धन्यवाद व्यक्त गर्दै प्राप्त उपयोगी राय तथा सुझावहरुलाई आगामी दिनमा सुधार तथा कार्यान्वयन गर्दै लगिने व्यहोरा समेत सभामा समक्ष राख्नु भयो ।

९. **सभामा भएका छलफल तथा निर्णयहरु:**

क. **सामान्य प्रस्ताव**

१. **आर्थिक वर्ष २०८२/८३ को संचालक समितिको २२औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

आर्थिक वर्ष २०८२/८३ को संचालक समितिको २२औं वार्षिक प्रतिवेदन सभामा छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८२/८३ को नाफा-नोक्सान विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।**

बाह्य लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८२/८३ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु सभामा छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

३. **यस बैंकको सहायक कम्पनीहरु सानिमा क्यापिटल लिमिटेड र सानिमा सेक्यूरिटिज लिमिटेडको आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

यस बैंकको सहायक कम्पनीहरु: श्री सानिमा क्यापिटल लिमिटेड र श्री सानिमा सेक्युरिटिज लिमिटेडको आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरणहरु छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

४. **लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

यस बैंकको आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षण कार्य सम्पन्न गर्नका लागि बाह्य लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा



सानिमा बैंक लिमिटेड
अलकापुरी, गयसाल, काठमाडौं

लेखापरीक्षण समितिबाट बैंकको लेखापरीक्षक नियुक्ति सम्बन्धि नीति अनुसार विभिन्न लेखापरीक्षहरुबाट प्रस्ताव माग गरी प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी लेखापरीक्षकहरु: SAR Associates Chartered Accountants, KB Chitracar & Co. Chartered Accountants, BRS Neupane & Co. Chartered Accountants तीन जना लेखापरीक्षकको छनौट गरी नियुक्ति गर्न सिफारिस गरेको । सिफारिस गरिएका लेखापरीक्षकहरु मध्ये मूल्याङ्कन प्रतिवेदन अनुसार बहालवाला लेखापरीक्षक SAR Associates Chartered Accountants ले प्राविधिक र वित्तीय प्रस्तावमा सवैभन्दा बढी अंक प्राप्त गरेको हुँदा SAR Associates Chartered Accountants, काठमाण्डौंलाई चालू आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षण गर्न लेखापरीक्षकमा नियुक्ति गरी निम्नानुसार पारिश्रमिक प्रदान गर्न सर्वसम्मतिबाट पारित गरियो ।

पारिश्रमिक :

लेखापरीक्षण (Statutory Audit, Tax Audit, Long form Audit Report) लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरु गरे बापत मूल्य अभिवृद्धि कर सहित एकमुष्ट रू.३३,००,०००।- (तेत्तिस लाख) मात्र उपलब्ध गराउने ।

५. **संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट अविमोच्य असञ्चिति अग्राधिकार शेयर पूँजीको ८.२५ (आठ दशमलव पच्चिस) प्रतिशत नगद लाभांश (कर सहित) शेयर बाँडफाँड भएको मितिदेखि आषाढ मसान्त, २०८३ सम्मको लागि समानुपातिक रुपमा वितरण गर्न स्वीकृत गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघि (मिति २०८३/०६/०१) गते सम्म कायम रहेका अग्राधिकार शेयरधनीहरुलाई २०८३ साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट अविमोच्य असञ्चिति अग्राधिकार शेयर पूँजीको ८.२५(आठ दशमलव पच्चिस) प्रतिशतका दरले हुने रू.५,२४,३८,३५६।१६ (पाँच करोड चौविस लाख अठतिस हजार तीनसय छपन्न रुपैंया सोह्र पैसा मात्र) नगद लाभांश (कर सहित) शेयर बाँडफाँड भएको मितिदेखि आषाढ मसान्त, २०८३ सम्मको लागि समानुपातिक रुपमा वितरण गर्न सर्वसम्मतिबाट पारित गरियो ।

६. **संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट साधारण शेयर पूँजीको १० (दश) प्रतिशत नगद लाभांश (कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।**

२२औं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघि (मिति २०८३/०६/०१) गते सम्म कायम रहेका साधारण शेयरधनीहरुलाई साधारण शेयरको चुक्ता पूँजी रू.१३,५८,१५,२५,४१४।३३ को १०(दश) प्रतिशतका दरले हुने रू.१,३५,८१,५२,५४१।४३ (एक अर्व पैंतिस करोड एकासी लाख बाउन्न हजार पाँच सय



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

एकचालिस रुपैंया त्रिचालिस पैसा मात्र) (कर सहित) नगद लाभांश वितरण गर्न सर्वसम्मतिबाट पारित गरियो ।

७. **सर्वसाधारण समूह (समूह "ख") बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई जना संचालकहरुको निर्वाचन गर्ने :**

यस बैंकको सर्वसाधारण समूह (समूह "ख") का शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने तपसीलमा उल्लेखित (दुई) जना सर्वसाधारण शेयरधनीहरु आगामी ४ (चार) वर्षका लागि संचालक पदमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत श्री भिमसेन बन्जाराले सभा समक्ष घोषणा गर्नु भयो ।

**तपसील :**

१. श्री महेश घिमिरे

२. श्री तेज बहादुर चन्द

**ख. विविध :**

बिविध बिषय अन्तर्गत कुनै प्रस्ताव नभएको ।

१०. **धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

शेयरधनी महानुभावहरुको सक्रिय सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा नियामक निकायहरु, संचालक समिति, शेयरधनीज्यूहरु, लेखापरीक्षक, सरोकारवाला निकाय, यस बैंकका कर्मचारी वर्गलाई यस सभामा आ-आफ्ना ठाउँबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बैंकको कारोबार, संचालन एवं प्रगतिका लागि सबैबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखी अध्यक्ष श्री तुक प्रसाद पौडेलज्यूले २२औं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| **रूद्रप्रसाद बन्जरा** | सानिमा बैंक लिमिटेड | **तुकप्रसाद पौडेल** |
| **कम्पनी सचिव** | अलकापुरी, नक्साल, काठमाडौं | **अध्यक्ष** |

मिति : २०८३।०६।१२